प्रदेश सरकार
लुम्बिनी प्रदेश
०७१-५४००२९
०७१-५५०००३
०७१-५५००६३

# आर्थिक मामिला तथा सहकारी मन्त्रालय

(प्रशासन महाशाखा)

मुकामः बुटवल, नेपाल

## विषयः सूचना ।

सम्मानित उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७८/११/०६ मा जारी भएको रिट निवेदन नं. ०७८-WO-०११४ को अल्पकालिन अन्तरिम आदेश पाना-१ संलग्न गरी सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

०७८।११।०९

सुरेश भुसाल
शाखा अधिकृत

श्री

उच्च अदालत तुलसीपुर, बुटवल इजलास

एक न्यायाधीशको इजलास

माननीय न्यायाधीश श्री देश बहादुर सार्की

आदेश

रिट निवेदन नं.०७८-WO-०११४

मुद्दाः उत्प्रेषण, परमादेश निषेधाज्ञा।

रबिलाल पाण्डेय समेत.....................................................................१२ रिट निवेदक

विरुद्ध

मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश मुकाम बुटवल समेत.......५ विपक्षी

रिट निवेदन सहितको मिसिल अध्ययन गरी रिट निवेदकहरुको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री यमलाल खनालले गर्नुभएको बहस समेत सुनियो।

यसमा, के कसो भएको हो? निवेदकहरुको माग बमोजिमको आदेश किन जारी हुन पर्ने होइन? आदेश जारी हुन नपर्ने कुनै आधार, कारण र प्रमाण भए सो समेत साथै राखी यो म्याद सूचना प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिन भित्र लुम्बिनी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालय, बुटवल मार्फत लिखित जवाफ लिई आउनु भनी यो आदेश र निवेदन पत्रको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ पेश भएपछि वा पर्ने अवधि व्यतित् भएपछि नियमानुसार पेश गर्नू।

साथै निवेदकहरुको माग बमोजिम अन्तरिम आदेश जारी हुने हो होइन? भन्ने सम्बन्धमा निवेदनको बिषयबस्तु र प्रकृतिबाट दुवै पक्षलाई रोहवरमा राखी छलफल गर्न उपयुक्त देखिँदा सो प्रयोजनको लागि मिति २०७८।११।१२ मा उपस्थित हुन विपक्षीहरुलाई सूचना दिई अन्तरिम आदेशको छलफल नभएसम्म लुम्बिनी प्रदेश, आर्थिक मामिला तथा सहकारी मन्त्रालयको मिति २०७८/१०/२६ को सरुवा सम्बन्धी निर्णय र सो मितिको पत्रहरु कार्यान्वयन नगर्नु नगराउनु/ यथास्थितिमा काम गर्न दिनु भनी उच्च अदालत नियमावली, २०७३ को नियम ४२ बमोजिम विपक्षीहरुका नाउँमा अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको छ। यसको सूचना अविलम्ब विपक्षीहरुलाई दिई अन्तरिम आदेश छलफलको लागि नियमानुसार गरी पेश गर्नू।

न्यायाधीश

ईति सम्वत् २०७८ साल फाल्गुण ६ गते रोज ६ शुभम्...............................।